# मंगलसेन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## मंगलसेन, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

पत्र संख्या: २०८३/०८४
चलानी नं. ९३१

मितिः- २०८३।०५।०२
ने.सं.-११४६ गुंलाथ्व षष्ठी

विषयः आवश्यक कार्य गर्न हुन ।

श्री स्वास्थ्य चौकी/आ.स्वा.से.केन्द्र/ सहरी स्वा. क्लिनिक सबै
श्री वडा कार्यालय सबै
श्री विधालयहरु सबै
मंगलसेन नगरपालिका,अछाम ।

उपरोक्त सम्बन्धमा स्वास्थ्य तथा खाध स्वच्छता मन्त्रालयको च नं ४ प सं ०८३/८४ मिति २०८३ श्रावण २२ गते तथा जिल्ला प्रशासन कार्यालय अछामको च नं १५६ प सं २०८३।८४ मिति २०८३ श्रावण २८ को प्राप्त पत्र अनुसार २०८३ साल "श्रावण, भाद्र र असोज महिनामा डेंगी सचेतना तीन महिने अभियान" संचालन गर्ने निर्णय भए अनुसार, तपसिल वमोजिमको क्रियाकलापहरु संचालन गरि "श्रावण, भाद्र र आश्विन महिनाः डेंगी सचेतना तीन महिने अभियानको रुपमा मनाउन निर्णयानुसार अनुरोध छ।

तपशिल

१. २०८३ "श्रावण, भाद्र, आश्विनः डेंगी सचेतना तीन महिने अभियान" अन्तर्गत हरेक शुक्रवार, सफा शुक्रवार" अभियान (विहान १० वजे, १० मिनेट) सञ्चालन गरी सबै सार्वजनिक निकाय, कार्यालय, विद्यालय तथा सामुदायिक स्थलहरूमा सरसफाई तथा लामखुट्टेको प्रजनन स्थल/वासस्थान, खोज र नष्ट कार्य गर्ने/गराउने।

२. वडाहरुले टोल विकास समिति, नागरिक समाज तथा अन्य सरोकारवाला निकायहरुसँग सहकार्य गरी "हप्ताको एक दिन, एक घण्टा हुदैन कुनै कष्ट; समुदायको सहभागितामा लामखुट्टेको लार्भा नष्ट" भन्ने नाराका साथ खोज तथा नष्ट अभियान संचालन गर्ने

३. हरेक वडामा घरदैलो, समूह छलफल, पोस्टर/ब्यानर वितरण लगायत माध्यमद्वारा डेंगीको जोखिम,लक्षण र रोकथाम वारे जनचेतना फैलाउने।

४.वडाले आ-आफनो क्षेत्रमा संचालित अटो वर्कशप/ग्यारेज तथा कवाडी सामान व्यवस्थापन गर्ने स्थलहरुमा निरन्तर निगरानी गर्ने, सरोकारवालाहरुसँग छलफल/पैरवी गर्ने।



८३।५।२

प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner

# मंगलसेन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मंगलसेन, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल


५.बहुनिकाय सहकार्य सुनिश्चित गर्न सम्वन्धित सरोकारवाला तथा तिनका संचालकसंग नियमित अन्तरक्रिया गरी परिचालन गर्न पैरवी गर्ने।

६.स्वास्थ्य आमा समूह, युवा क्लव, शिक्षक, स्वयंसेवक तथा विश्वविद्यालय स्तरका विद्यार्थीहरु लगायत समुदायका अगुवा सदस्यहरुलाई "खोज तथा नष्ट" अभियान सहित डेंगी नियन्त्रणका गतिविधिमा सहभागी गराउन आवश्यकता अनुसार परिचालन गर्ने।

७. "लामखुट्टेको लार्भा खोज तथा नष्ट" विधि लगायत अन्य डेंगी सम्वन्धी स्वास्थ्य शिक्षा तथा सूचना सामग्रीहरू उत्पादन, वितरण तथा प्रचार-प्रसार गर्ने।

८. डेंगी सम्वन्धी व्यवहार परिवर्तन ल्याउने उद्देश्यले विद्यालय स्तरमा निम्नानुसारका कियाकलापहरू संचालन गर्ने:

- साथी शिक्षा कार्यक्रम विद्यालय-घर सन्देश प्रवाह विधि
- वक्तृत्वकला, निवन्ध तथा वादविवाद प्रतियोगिता आदि

९. होटल, उद्योग तथा निजी व्यवसायीका छाता संगठनहरूसँग सहकार्य गरी उनीहरुका सदस्य संस्थाहरूलाई डिजिटल वोर्ड तथा अन्य माध्यमहरूद्वारा डेंगी सम्वन्धी जनचेतना फैलाउन आह्वान तथा सहकार्य गर्ने।

१०.डेंगी रोकथाम र नियन्त्रणमा हरेक व्यक्ति, परिवार तथा समुदायलाई आत्मवोध गराई सवैंको सहभागीता सुनिश्चित गर्ने/गराउने।

२०८२/५/१

विष्णु प्रसाद ढुंगाना
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner